# घर भाडामा लिने सम्बन्धी सूचना

(सच्याइएको सूचना प्रकाशित मिति : २०८०/०४/२९, अगस्ट १४, २०२३)

यस बैंकलाई शाखा कार्यालय स्थापनाको लागि निम्नानुसारका स्थानमा घर भाडामा आवश्यक परेकोले सो क्षेत्रका घर भाडामा दिन ईच्छुक घरधनीहरुबाट शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्रमा देहायका विवरणहरु स्पष्ट खुलाई, भाडा रकम समेत उल्लेख गरी आफ्नो प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| क.सं. | जिल्ला/स्थान | शाखा रहने स्थान | प्रदेश | क्षेत्रफल |
|---|---|---|---|---|
| १ | मोरङ, विराटनगर | भूमी प्रशासन चोक वा रोडसेस चोक आसपास | कोशी | करीव २००० देखि ३००० वर्गफिट |
| २ | झापा, बिर्तामोड | शनिश्चरे रोड बिर्तामोड झापा वा पूर्व-पश्चिम राजमार्ग बिर्तामोड झापा वा भद्रपुर रोड बिर्तामोड, झापा | | |
| ३ | सुनसरी, इनरुवा | इनरुवा १, इनरुवा बजार, सुनसरी | | |
| ४ | धनुषा, जनकपुर | पिंडारी चोक, वडा नं. ८ | मधेश | |
| ५ | पर्सा, वीरगंज | प्रतिमानगर वा आदर्शनगर | | |
| ६ | चितवन, नारायणगढ | पोखरा बसपार्क | बागमती | |
| ७ | मकवानपुर, हेटौंडा | हटिया, चिसापानी चोक, वडा नं. १६, मकवानपुर | | |
| ८ | काभ्रे | पनौति वडा नं. ७ | | |
| ९ | काठमाण्डौं | विशालनगर चोक वा भाटभटेनी चोक वा पिपलबोट | | |
| १० | काठमाण्डौं | नारायण गोपाल चोक देखि गल्फुटार वा हात्तीगौंडा | | |
| ११ | काठमाण्डौं | कोटेश्वर चोक वा बालकुमारी | | |
| १२ | काठमाण्डौं | बालाजु चोक देखि माछापोखरी क्षेत्र वा बालाजु बाईपास | | |
| १३ | काठमाण्डौं | शंखमुल वा बुद्धनगर क्षेत्र | | |
| १४ | कास्की, पोखरा | पृथ्वीचोक, वडा नं. ९ | गण्डकी | |
| १५ | नवलपुर, कावासोती | गोछडा, वडा नं. १७ | | |
| १६ | रुपन्देही, भैरहवा | बुद्धचोक | लुम्बिनी | |
| १७ | रुपन्देही, बुटवल | कालिकानगर | | |
| १८ | बाँके, नेपालगञ्ज | बि.पी. चोक वा त्रिभुवन चोक देखि न्युरोड क्षेत्र | | |

**शर्तहरू :**

(१) प्रस्तावित घर नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार सार्वजनिक बाटोको क्षेत्रमा नपर्ने गरी निर्माण गरेको तथा घरको नक्सा सम्बन्धित निकायबाट पास भएको हुनुपर्नेछ ।

(२) प्रस्तावित घरको भुईं तल्लामा मूल सडकतर्फ **ATM** को लागि ५ फिट × १० फिट क्षेत्रफल भएको कोठा उपलब्ध गराउनुपर्नेछ ।

(३) प्रस्तावित घर मूल सडकसँग जोडिएको तथा सो घरको मोहडा मूल सडकतर्फ हुनु पर्नेछ ।

(४) प्रस्तावित घरमा जेनेरेटर राख्नको लागि आवश्यक स्थान, गार्ड रुमको लागि १ वटा कोठाको समेत व्यवस्था हुनुपर्नेछ ।

(५) घर भाडामा दिने अवधि शुरुमा कम्तिमा पन्ध्र वर्षको हुनेछ र तत्पश्चात आपसी समझदारीबाट नविकरण गरिनेछ ।

(६) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण करकट्टी गर्नेछ ।

(७) स्वामित्व सम्बन्धी विवाद भएको घर वा तल्ला बैंकलाई मान्य हुनेछैन ।

(८) प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुनेछैन ।

**शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरू :**

१. शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पूर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन् । ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम बैंकको प्रशासन विभाग, कमलादी काठमाण्डौं र नजिकको शाखा कार्यालयहरुबाट नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको **website www.himalayanbank.com** बाट डाउनलोड पनि गर्न सक्नुहुनेछ ।

२. शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर "सम्बन्धित शाखाको लागि भवन बहालमा दिने शिलबन्दी बोलपत्र प्रस्ताव" प्रष्ट रुपमा लेखी प्रस्तावित ठाउँको नाम समेत उल्लेख गरी हिमालयन बैंकको प्रशासन विभाग, कमलादी, काठमाण्डौं अथवा नजिकको शाखा कार्यालयहरुमा मिति २०८० भाद्र ११ गते दिनको ४:३० बजे भित्र आई पुग्नेगरी बुझाउनु पर्नेछ ।

३. म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
सामान्य प्रशासन विभाग, कमलादी,
फोन नं. ०१-४२२७७४९, पो.ब.नं. २०५९० काठमाडौं ।